नेपाल सरकार

शान्ति तथा पुनर्निर्माण मन्त्रालय सिंहदरबार,काठमाण्डौ ।

## (मासिक मिट द प्रेस कार्यक्रममा २०७० साल वैशाख २३ गते सोमबार प्रस्तुत )

**यस मन्त्रालय र मातहतका निकायबाट गत १ महिनामा सम्पन्न भएका क्रियाकलापको सार संक्षेप ।**

१) मन्त्रालय, मातहत र सरोकारवाला निकायद्वारा संचालित पुनर्निर्माण तथा राहत लगायतका सबै आयोजना एवं कार्यक्रमको अनुगमन गर्न मंत्रालयका ५ जना सहसचिवको संयोजकत्वमा गठित क्षेत्रीय अनुगमन टोलीलाई अनुगमनको काम तत्काल शुरु गर्न खटाईएको र २०७० असार मसान्त सम्ममा अनुगमन कार्य सम्पन्न गर्ने गरि ५ क्षेत्रकै अनुगमनको कार्ययोजना स्वीकृत भएको छ।

२) २०७० साल वैशाख १६ गते श्रीमान् सचिवज्यूको अध्यक्षतामा दोस्रो चौमासिक प्रगति समिक्षा वैठक सम्पन्न भएको छ ।

- रेडियो नेपाल, नेपाल टेलिभिजन र स्थानीय स्तरका एफ.एम. रेडियोहरुबाट शान्ति सम्बन्धी कार्यक्रमहरु प्रशारण भएको,
- यस आ.व.मा ९ वटा समूह गरी हालसम्म जम्मा ५५ वटा विभिन्न समूहहरुसँग वार्ता गरी १५१ थान हतियार नेपाल सरकारलाई बुझाइएको,
- सिंहदरबार पुनर्निर्माण परियोजना मार्फत् मन्त्रालयको भवनमा तला थप्ने कार्य भैरहेको,
- बेपत्ता भएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग गठन सम्बन्धी अध्यादेश सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश भई स्वीकृत भएकोमा सम्मानीत सर्वोच्च अदालतमा रिट निवेदन परी अन्तरिम आदेश जारी भएकोले कार्यान्वयनको चरणमा जान नसकिएको,
- नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी द्वन्द्व व्यवस्थापनको क्रमलाई व्यवस्थित गर्न अन्तर्राष्ट्रिय स्तरमा अपनाइएका प्रविधिहरुको अध्ययन अवलोकन गरी विद्यमान द्वन्द्व व्यवस्थापनका क्रियाकलापहरुलाई दीगो स्वरुप दिन क्षमता विकास कार्यक्रम् अन्तर्गत सचिव एवं सहसचिवको नेतृत्वमा तीन चरणमा ४८ जना कर्मचारीहरुलाई थाइल्याण्ड, कम्बोडिया र लाओसको भ्रमण गराई द्वन्द्व व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यमा सहभागी गराइएको ।

- उजुरी फर्स्यौट शत प्रतिशत
- सुचनाको हक सम्वन्धी माग भएको विवरण उपलब्ध गराईएको ।

**स्थानीय शान्ति समिति तर्फ**

- ७५ जिल्ला, ३१ नगरपालिका र २२०० गा.वि.स.मा स्थानीय शान्ति समिति गठन भै क्रियाशील अवस्थामा रहेकोमा क्रमश: ती संस्थालाई ५ लाख, ५० हजार र २० हजार रकम कार्यक्रम संचालन गर्न पठाइएको,
- प्रथम पटक यस आ.व.देखि न.पा.स्तर र गा.वि.स.स्तरका स्थानीय शान्ति समितिहरुलाई बजेट पठाउने कार्यको शुरुवात गरिएको,
- बार्षिक बजेट: रु. १४ करोड ४४ लाख ३५ हजार
- हालसम्मको खर्च: रु. ९ करोड ५० लाख (हालसम्मको निकासा)
- वित्तीय प्रगति: ६६ प्रतिशत

**शान्ति कोषतर्फ**

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com

- शान्ति कोषतर्फका जम्मा आयोजना संख्याः ५६
- हाल चालु अवस्थाका आयोजना संख्याः २८,
- सम्पन्न आयोजना संख्याः २८
- हालसम्मको जम्मा बिनियोजित रकमः रु. १४ अरब ४७ करोड ६२ लाख ७३ हजार
- निकासा रकमः रु. १२ अरब ९९ करोड १५ लाख ६३ हजार
- खर्च रकमः रु. ९ अरब ५७ करोड ९१ लाख २२ हजार

**द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनातर्फ**

- पुनर्निर्माण तथा निर्माण गर्न माग भएका आयोजना संख्याः ८९१६
- हालसम्म सम्पन्न भएका आयोजना संख्याः २८९७
- सम्पन्न योजनामा बजेट खर्चः रु. ६ अरब ३० करोड
- बाँकी आयोजना सम्पन्न गर्न लाग्ने बजेटः करिब रु. २० अरब
- हाल संचालनमा रहेका आयोजना संख्याः १७७५
- चालु आ.व.मा दोश्रो चौमासिक सम्ममा सम्पन्न आयोजना संख्याः ३१
- चालु बर्षको बजेटः रु. १ अरब १ करोड ३२ लाख १८ हजार
- चालु वर्षको खर्चः रु. १६ करोड २६ लाख ८६ हजार
- वित्तीय प्रगतिः १६ प्रतिशत

**शान्ति प्रक्रिया सहयोग आयोजनातर्फ**

- रोजगार/स्वरोजगार कार्यक्रम अन्तर्गत गत आ.व.मा १२ जिल्लाका ३०३० जना द्वन्द्वपीडित व्यक्तिहरुलाई सीपमूलक तालिम तथा सेवा उपलब्ध गराइएको,
- चालु आ.व. मा ४२ जिल्लाका ११७४० जनालाई उक्त तालिम तथा सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालनमा रहेको ।
- मनोसामाजिक परामर्श सेवा संचालनका लागि तयार भएको निर्देशिका स्वीकृतार्थ मन्त्रिपरिषद्मा पठाइएकोले स्वीकृति पश्चात् सञ्चालनमा ल्याइने अवस्था रहेको ।

**राहत तथा आर्थिक सहयोगतफ**

- बेपत्ता परिवारः १५१७ जनाले राहत पाएका,
- मृतकका परिवारः १४१०७ जनाले राहत पाएका,
- एकल महिला, टुहुरा, बालबालिका, अंगभंग भएका, अपाङ्ग, अपहरणमा परेका लगायत द्वन्द्वपीडितहरुलाई निर्देशिका अनुसार राहत उपलब्ध गराउने गरिएको ।
- चालु बर्षको बिनियोजित बजेटः रु. ४८ करोड २३ लाख ५० हजार
- चालु बर्षमा हालसम्मको खर्चः रु. ३१ करोड ५० लाख ८९ हजार
- बित्तीय प्रगतिः ६५.३२ प्रतिशत
- सबै किसिमको राहत वापत शुरुदेखि हालसम्म वितरण भएको खर्चः रु. ५ अरब २४ करोड ६८ लाख ५४ हजार

।

नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी द्वन्द्व व्यवस्थापनको क्रमलाई व्यवस्थित गर्न अन्तर्राष्ट्रिय स्तरमा अपनाइएका प्रविधिहरुको अध्ययन अवलोकन गरी विद्यमान द्वन्द्व व्यवस्थापनका क्रियाकलापहरुलाई दीगो स्वरुप दिन क्षमता विकास कार्यक्रम अन्तर्गत सचिव एवं सहसचिवको नेतृत्वमा तीन चरणमा ४८ जना कर्मचारीहरुलाई थाइल्याण्ड, कम्बोडिया र लाओसको भ्रमण गराई द्वन्द्व व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यमा सहभागी गराइएको ।

प्रवक्ता : शान्ति तथा पुनर्निर्माण मन्त्रालय

This document was created using Smart PDF Creator
To remove this message purchase the product at www.SmartPDFCreator.com